बागचौर नगरपालिका

# ४ नं. वडा कार्यालय

शिवरथ, सल्यान,

कर्णाली प्रदेश नेपाल

## ४ नं. वडा कार्यालयको संक्षिप्त विवरण

नगरपालिकाको वडा नं. ४ साबिक शिवरथ गाउँ विकास समितिका वडाहरू १, २, ३, ४ र ९ मिलेर बनेको छ। वडा नं. ४ को क्षेत्रफल १४.६३ वर्गकिमि रहेको छ। यस वडाको डिजिटल सर्भेअनुसार कुल घरधुरी संख्या ६९२ रहेको छ। यस वडाको कुल जनसंख्या ३,५०३ रहेको छ। जसमा पुरुष १,७६५, महिला १,७३८ र अन्य शून्य रहेको छ। सर्भेअनुसार कुल साक्षर जनसंख्या २,३६६ रहेको छ। साक्षर पुरुषको जनसंख्या १,२६५ र साक्षर महिलाको जनसंख्या १,१०१ रहेको छ। यहाँ मगर समुदायको बाहुल्यता रहेको छ।

बेमौसमी तरकारी तथा आलु उत्पादनको लागि पनि उपयुक्त रहेको यो वडामा बसोवास गर्ने व्यक्तिको मुख्य पेसा कृषि तथा पशुपंक्षीपालन रहेको छ। यसबाहेक व्यापार, व्यवसाय तथा घरेलु उद्योग, थोक तथा खुद्रा व्यापार, शिक्षण, बैदेशिक रोजगार, सरकारी सेवाका साथै होटल, पर्यटन जस्ता आयआर्जनका पेसाबाट यहाँका जनताले आफ्नो जीविकोपार्जन गर्ने गर्छन्। आलु, मकै, गहुँ, धान तथा बेमौसमी तरकारी खेतीका लागि राम्रो मानिएको छ।

यस वडामा २०७९ सालको स्थानीय तह सदस्य निर्वाचनको चुनावमा निर्वाचित जनप्रतिनिधिहरु र वडामा कार्यरत कर्मचारीहरुको विवरण यस प्रकार छ।

| क्र.स. | नाम थर | पद | सम्पर्क नम्बर | ईमेल ठेगाना |
|---|---|---|---|---|
| १ | कृष्ण बहादुर बस्नेत | वडा अध्यक्ष | ९८४९०३९५०० | bagchaurward4@gmail.com |
| २ | विन्दु पुन | महिला सदस्य | ९८३११८००५ | bagchaurward4@gmail.com |
| ३ | जयमाता सुनार | दलित महिला सदस्य | ९८१०९९८३८५ | bagchaurward4@gmail.com |
| ४ | सरोज कामी | सदस्य | ९८६३१४८३४९ | bagchaurward4@gmail.com |
| ५ | खुम राज वली | सदस्य | ९८६६७०१५०६ | bagchaurward4@gmail.com |
| ६ | भीम बहादुर वली | वडा सचिव | ९८४४१७८९४५ | bagchaurward4@gmail.com |
| ७ | ओम प्रकास वलि | सव-ईन्जिनियर | ९८४५०१६६९८ | bagchaurward4@gmail.com |
| ८ | प्रेम बहादुर वली | का.स. | ९७४२२१५३३५ | bagchaurward4@gmail.com |